जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ८४ २०७८ साल कात्तिक ८ गते सोमबार (25 Oct. 2021 Monday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : सीमित जनशक्तिमा चलेको ... ३ पृष्ठमा : आईफोन १३ को ... ३ पृष्ठमा :नाइजेरियामा बन्दुकधारीले ...

# फुकुवापत्र दिएर पुनः ऋृण वापतको ब्याज र जरिवाना लिने सनराइज बैंकको ठगि धन्दा



सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
Class "A" Institution Licensed by Nepal Rastra Bank

Ref: Sr24/CRD/985/021 Date: 27th June, 2021

To Whom It May Concern

This is to certify that **M/s. MANI KIRANA PASAL, Bodebarsain-7, Saptari** have enjoyed funded limit with us earlier. At present, unit has settled the entire credit facility which has been availed and we confirm that there is no outstanding in the account as on date.

This certificate has been issued at the request of the customer without any liability on bank and/or its officials.

Assuring you best services at all times.

Thank you,

Authorized Signature Authorized Signature



पत्रकार सम्मेलनमा बैंकको गठि धन्दा बारे जानकारी दिदै सप्तरीको बोदेबरसाइन नगरपालिका ५ स्थित मनि किराना पसलका संचालक कृष्णदेव भगत । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, ७ कात्तिक ।**

ऋणीले आफ्नो सम्पूर्ण कर्जा चुक्ता गरि बैंकद्वारा फुकुवापत्र पाइसकेर पनि तीन महिनापछि बैंकले बिना जानकारी सो ऋण वापतको ब्याज र जरिवाना लिएको तथ्यको खुलासा भएको छ ।

सप्तरीको बोदेबरसाइन नगरपालिका ५ स्थित मनि किराना पसलका संचालक कृष्णदेव भगतले आइतबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि बैंकको सबै ऋण चुक्ता गरिसकेपछि पनि पुनः ब्याज र जरिवाना लिएको जानकारी दिएपछि सो तथ्यको खुलासा भएको हो ।

पसल संचालक भगतले राजविराजस्थित सनराइज बैंक लिमिटेडमा जग्गा धितो राखी लिएको २ करोड ५० लाख ऋण झण्डै चार महिनाअघि नै चुक्ता गरि गत असार १३ गते फुकुवापत्र समेत पाइसकेको अवस्थामा बैंकले आफूलाई कुनै जानकारी नै नदिई खाताबाट ४ लाख ४७ हजार १ सय ६५ रुँपैया कट्टा गरेको बताए ।

गत असोज ३१ गते आइपिएस ट्रान्सफरविधीमार्फत सिटिजन बैंकबाट २१ लाख ९३ हजार रकम सनराइज बैंकमा रहेको मनि किराना पसलको खातामा जम्मा भएपछि कात्तिक १ गते एक कारोबारीलाई २१ लाख ९२ हजार ५ सयको चेक काटेर दिएको तथा सो चेक वाउन्स भएपछि मात्र आफ्नो खाताबाट रकम कट्टा भएको थाहा पाएको उनको भनाई छ ।

सो सम्बन्धमा बैंकमा सम्पर्क गर्दा ऋृण वापतको ब्याज ४ लाख ४१ हजार ८ सय ३६ र जरिवाना वापत ५ हजार ३ सय २९ गरि ४ लाख ४७ हजार १ सय ६५ रुँपैया काटिएकोप्रति आफू चकित भएको उनले सुनाए ।

उनले यसबारे सनराइज बैंकका शाखा प्रमुख मुकेश साहलाई कात्तिक १ गते नै फोन सम्पर्क गरि जानकारी लिदा बुझेर भन्छु भन्दै जवाफ दिएको र भोली पल्ट बिदा परेकोले कात्तिक ३ गते पुनः फोन सम्पर्क गर्दा शाखा प्रमुख साहले आफूलाई अभद्र व्यवहार गरेको उनको आरोप छ ।

पसल संचालक भगतले बैंकको लापरवाहीले आफूले काटेको चेक बाउन्स हुँदा अन्यायमा परेको तथा कारोवारी समक्ष लज्जित हुनु परेको भन्दै सो प्रकरणको छानबिन, आफ्नो रकम फिर्ता र दोषिमाथी कारवाही हुनुपर्ने माग गरेका छन् ।

यता बैंकका शाखा प्रमुख साहले बचतकर्ता भगतसँग बैंकले कुनै अन्याय नगरेको भन्दै सिस्टममा गडबडीका कारण ब्याज लिन छुट भएको दाबी गरे । उनले भगतमाथी ऋृण वापतको ब्याज र जरिवाना गरि बाँकी रहेको रकम खाताबाट कट्टा भएको बताए ।

संचारकर्मीहरुले शाखा प्रमुख साहसँग ऋृण, ब्याज र जरिवाना वापतको रकम बाँकी नै रहँदा बैंकले कसरी जग्गा फुकुवा पत्र दियो भन्ने जिज्ञासामा बैंक प्रमुख साहले कम्प्युटर सिस्टमको गडबडीका कारण यस्तो हुन गएको र पछि कम्प्युटरले देखाए अनुसार निजको खाताबाट रकम काटिएको जानकारी दिए ।

श्रोतका अनुसार यसअघि सनराइज बैंकमा रहेको एक कार्यालयको खातामा जम्मा हुनुपर्ने ७५ लाख रुँपैया जम्मा नभएको देखाएको छ । तर, सो कार्यालयले जम्मा गरेको उक्त रकमको भौचर राखेकोले हाल सो विषयमा दुई कर्मचारीलाई बैंकले निलम्बन गरि छानबिन सुरु गरेको छ ।

**साधारण सभा सम्बन्धी सुचना**

उपरोक्त विषयमा यस संस्थाको १० (दशौं) बार्षिक साधारण सभा तपसिलका मिति, समय र स्थानमा हुने भएको ब्यहोराको पत्र तथा प्रतिवेदन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई पठाई सकिएको छ । कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उक्त समय र स्थानमा अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

१.मिती :- २०७८/०७/१३ गते शनिवार
२.समय :- बिहान १० बजे देखी
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९, मलेठ, रुपनी रोड सप्तरी

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# विद्युत् उत्पादन अनुमतिपत्र रोक्ने कुनै निर्णय भएको छैन : मुख्यसचिव

काठमाडौँ, ७ कात्तिक (रासस)।

सरकारले जलविद्युत् आयोजनाको सर्वेक्षण तथा विद्युत् उत्पादनको अनुमति प्रदान गर्ने कार्य नरोकेको स्पष्ट पारेको छ। गुणस्तरीय विद्युत् सेवा प्रवाह गर्ने तथा विद्युत् खपत वृद्धि गर्ने विषयमा गम्भीर छलफल भइरहेका उल्लेख गर्दै सरकारले आयोजनाको अनुमति सम्बन्धमा कुनै पनि निर्णय नभएको स्पष्ट पारेको हो।

नेपाल सरकारका मुख्य सचिव शङ्करदास बैरागीले जलविद्युत् आयोजना सर्वेक्षण अनुमति रोक्ने कुनै निर्णय नभएको स्पष्ट पार्नुभयो। उहाँले राससस‌ँग भन्नुभयो, "अनुमति रोक्ने कुनै निर्णय भएको छैन, त्यस्तो कुनै नीति बनेको पनि छैन।" मुख्यसचिव बैरागीका अनुसार जलविद्युत्का क्षेत्रमा कस्तो रणनीति लिने भन्ने विषयमा छलफलका विषयलाई अनावश्यक तवरले प्रचार गर्नु अनुचित भएको बताउनुभयो।

त्यसैगरी ऊर्जा सचिव देवेन्द्र कार्कीले जलविद्युत् कसरी खपत गर्ने भन्ने विषयमा सचिव, सहसचिव र नेपाल विद्युत् प्राधिकरणसँग गम्भीर छलफल भइरहेको अवस्थामा अनावश्यक विषयमा चर्चा गरिनु गलत भएको बताउनुभयो। उहाँले ऊर्जाको व्यवस्थापनका लागि मन्त्रालय गम्भीर भएर लागेको उल्लेख गर्दै बारम्बार अनुमति रोकेको विषयमा अनावश्यक चर्चा हुनु दुःखद भएको बताउनुभयो। सचिव कार्कीले भन्नुभयो, "अनुमति रोक्ने विषयमा कानून छैन, त्यस्तो कानून बनेको पनि छैन। यो विषयमा अनावश्यक चर्चा हुनु दुःखद हो।"

आइतबारै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले अरुण-४ आयोगको विद्युत् उत्पादन सर्वेक्षण अनुमति नेपाल विद्युत् प्राधिकरणलाई दुई वर्षका लागि दिएको छ। प्रचलित ऐन, नियमावली, निर्देशिकाअनुसार रीतपूर्वक दर्खास्त विवरण प्राप्त भएका प्रवर्द्धकलाई अनुमति दिइँदै आएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सीमित जनशक्तिमा चलेको पशुपति होमियोप्याथिकमा बिरामीको आकर्षण

काठमाडौँ, ७ कात्तिक (रासस)।

नेपालकै एकमात्र पशुपति होमियोप्याथिक चिकित्सालयमा दैनिक ३०० सम्म बिरामी आउने गरे पनि जनशक्ति अभावमा उपचार गर्न धौधौ हुने गरेको छ।

एक स्थायी र दुई करारका चिकित्सकबाट चिकित्सालय सञ्चालन भइरहेको छ। मागअनुसारको सेवा दिन कम्तीमा पनि १० चिकित्सक स्वास्थ्य मन्त्रालयसँग माग गरेको चिकित्सालयका प्रमुख डा प्रेमनारायण श्रीवास्तव बताउनुहुन्छ। यो पद्धतिबाट उपचार गर्ने देशभर एकमात्र सरकारी चिकित्सालय यही भएकाले टेलिमेडिसिन र स्वास्थ्य शिविरको समेत माग बढ्ने गरेको छ।

विसं २०१० मा पशुपति क्षेत्रमा स्थापना भएको चिकित्सालय २०४२ सालमा हरिहरभवनमा स्थानान्तरण गरिएको थियो। पशुपति क्षेत्रमै सञ्चालन हुँदा चिकित्सालयमा दैनिक ५०० भन्दा बढी बिरामी आउँथे। तत्कालीन राजा त्रिभुवन पशुपतिनाथको दर्शन गर्न जाँदा रामनाथ अघोरीले होमियोप्याथिक चिकित्सा पद्धति पनि चाहिन्छ भनेपछि यसको सुरुआत भएको हो। आधुनिक चिकित्सा पद्धतिबाट चित्त नबुझेपछि स्यामुयल हनीम्यानले सन् १७९६ मा होमियोप्याथिक चिकित्सा पद्धतिको आविष्कार गर्नुभएको हो।

नेपालमा यो पद्धति सुरु हुनुअघि विसं २००५ मा फैलिएको हैजा नियन्त्रणका लागि कोलकत्ताबाट चिकित्सक बोलाएर निःशुल्क औषधि वितरण गरिएको थियो। प्रभावस्वरुप हैजा नियन्त्रण भएको इतिहास रहेको चिकित्सालय प्रमुख श्रीवास्तव बताउनुहुन्छ। यसको प्रभावस्वरुप राणाकालमै ज्ञानेन्द्र मेमोरियल होमियोप्याथिक अस्पताल गुल्मी, धनकुटालगायत जिल्लामा खोलिए पनि पछि बन्द भएको थियो।

यो उपचार पद्धतिमा नगण्यमात्रामा औषधि वितरण गरिन्छ। जीवनशैली, आहार, विहारमा ध्यान दिएर रोग ठीक गर्न बिरामीलाई परामर्श दिइने पद्धतिका रुपमा होमियोप्याथिक पद्धति रहेको चिकित्सक डा रामकुमार अधिकारी बताउनुहुन्छ। आधुनिक पद्धतिका मेडिकल चिकित्सक पनि फिस्टुला रोगको उपचारका लागि उक्त चिकित्सालयमा धाउने गरेका छन्। एक ठाउँमा छुँदा अर्को ठाउँमा दुख्ने बिरामी पनि चिकित्सालयमा आउने गरेका छन्। बिरामी बढ्न थालेपछि ल्याब, एक्स-रे लगायत यन्त्रको पनि आवश्यकता देखिएको चिकित्सालयमा कार्यरत डा सरिना अधिकारी बताउनुहुन्छ। चिकित्सालयमा हाल दुई अहेब, चार नर्स, लेखा र प्रशासनमा एक/एक, कार्यालय सहयोगी पाँच जना कार्यरत रहेको जनाइएको छ।

अस्पतालमा शचया चलाउन सकिने पूर्वाधार भए पनि जनशक्तिका कारण सम्भव भएको छैन। शचया चलाउनकै लागि पनि जनशक्तिको थप गर्नुपर्ने प्रस्ताव गरिएको हो। यहाँ थाइराइड, पाठेघर, ट्युमर, माइग्रेन, नशा च्यापिएको, छाला, खिललगायत बिरामीको उपचार हुने गरेको छ। पाठेघरको सिस्ट र पित्तथैलीको पत्थरी होमियोप्याथिक औषधिले ठीक हुने गरेकाले यी रोगका धेरै बिरामी आउने गरेका छन्।

निजीस्तरबाट भने काठमाडौँ, विराटनगर, झापा, तराईका जिल्ला र बुटवलमा फर्मासहितको चिकित्सक सेवा उपलब्ध छ। निजी स्तरबाट भक्तपुर होमियोप्याथिक मेडिकल कलेज, विराटनगरमा नेपाल होमियोप्याथिक मेडिकल कलेज सञ्चालनमा रहेकामा हाल बन्द भएको जनाइएको छ। यी कलेजबाट उत्पादित जनशक्तिले काम नपाएपछि यसतर्फ विद्यार्थीको आकर्षण घटेर बन्द हुन पुगेका हुन्।

भक्तपुर होमियोप्याथिक मेडिकल कलेजका सञ्चालक रविन्द्र पुरी कोरोनाका कारण बन्द भएको कलेज अर्को वर्षदेखि सञ्चालनको तयारी भएको बताउनुहुन्छ। पछिल्लो समय विद्यार्थीको पनि यो विषयमा आकर्षण हुन थालेको छ। कोलकत्तामा रहेको नेशनल इन्स्टिच्युट अफ होमियोप्याथिकले प्रत्येक वर्ष एक जना नेपालीलाई छात्रवृत्ति दिएर एमडी अध्ययन गराउने गरेको छ। विसं २०५७ देखि हालसम्म करिब एक दर्जनले त्यहाँबाट अध्ययन पूरा गरी आएको जनाइएको छ।

# प्रदेशका आठवटै जिल्ला उद्योग स्थापनाका लागि उर्वरभूमि : मुख्यमन्त्री राउत

धनुषा, ७ कात्तिक (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेशका सबै जिल्ला उद्योग स्थापनाका लागि उर्वरभूमि भएको बताउनुभएको छ। ढल्केवरमा जानकी अटोमोबाइल्स एशोसिएशन अफ नेपालको प्रथम वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उहाँले प्रदेशको भू-बनोट, विद्युतीय सुविधा र उत्पादित सामानलाई बजारसम्म ढुवानी गर्न सजिलो हुनाले उद्योगका लागि उर्वरभूमि भएको प्रष्ट पार्नुभयो।

मुख्यमन्त्री राउतले प्रदेश सरकारले उद्योगीलाई सहयोग हुने गरी ऐन कानुन निर्माण गर्नेदेखि आवश्यक पर्ने वातावरण तयार गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले अन्तर्राष्ट्रियस्तरमा निर्यात गर्ने खालका उद्योग कलकारखाना स्थापना गर्न उद्योगीलाई आग्रह गर्दै उहाँले अटोमोबाइल क्षेत्रको विकासका लागि प्रदेश सरकारले योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले प्रदेशमा अटोमोबाइल एसेम्बलिङ उद्योग स्थापना गर्न आग्रह गर्दै प्रदेश सरकारले उद्योग ऐन ल्याइसकेकाले उद्योग सञ्चालन गर्न आग्रह गर्नुभएको हो। उहाँले भन्नुभयो, "तपाईँहरु उद्योग सञ्चालनको तयारी थाल्नुहोस्, वातावरण निर्माण गर्ने जिम्मा हाम्रो छ, थप ऐन कानुन चाहिए सुझाव दिनुहोस्, हामी ल्याउँछौँ।"

मुलुकको आर्थिक समृद्धि एव रोजगारीका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको अटोमोबाइल क्षेत्रप्रति केन्द्रीय सरकारको धारणा सकारात्मक नहुनु दुःखद् रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले प्रदेश सरकारका तर्फबाट हुनसक्ने सम्पूर्ण वातावरण बनाउन तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो।

बिलासिताभन्दा पनि उपयोग वस्तुका रूपमा परिणत हुँदै गएको अटोमोबाइल क्षेत्रको भविष्य उज्ज्वल रहेको र मुलुकको आर्थिक समृद्धिमा नाडाले खेलेको भूमिका महत्वपूर्ण रहेको उहाँले भनाइ छ। उहाँले लगानीकर्तालाई उच्च मनोबलका साथ लगानी गर्ने वातावरण बनाउन नसक्नु राज्यका लागि दुर्भाग्यको कुरा रहेको जनाउँदै उहाँले भन्नुभयो, "ऐन, नियम तथा कानुन बनाउँदा उद्योगी व्यवसायीसँग राय तथा सल्लाह सुझाव लिनुपर्ने प्रदेशभित्र लगानीमैत्री वातावरण बनाएर निजी क्षेत्रलाई आकर्षित गर्ने गर्छौँ।"

# तोकिएको समयमै पार्टीको महाधिवेशन हुनुपर्छ : नेता सिंह

धनुषा, ७ कात्तिक (रासस)।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले तोकिएको समयमै पार्टीको महाधिवेशन गर्नुपर्ने बताउनुभएको छ।

सरोज ग्रामीण सेवा केन्द्र कचनवन महोत्तरीको आयोजनामा शहीद सरोज कोइरालाको ४८औँ पुण्य तिथिको कार्यक्रममा सहमागी हुन आउनुभएका नेता सिंहले आइतबार जनकपुरधाम विमानस्थलमा संचारकर्मीसँग कुराकानी गर्दै उहाँले पार्टी नेतृत्व र पदाधिकारीले महाधिवेशन गर्न ढिलाइ गरिरहेको आरोप लगाउनुभयो।

"चार पटक मिति तोकेर पनि महाधिवेशन समयमा नभए पार्टीकै लागि भएपनि राम्रो हुँदैन्", उहाँले भन्नुभयो, "क्रियाशील सदस्यतामा केही विवादै नगर्नुपर्ने तथा विधि र नियम अनुसार दिनुपर्नेमा नदिई समितिमाथि समिति गठन गर्दै आएको छ।"

नेता सिंहले आफू आसन्न १४औँ महाधिवेशनमा पार्टी सभापतिको उम्मेदवार बन्ने दावी गर्दै मङ्सिर ९ गतेदेखि तोकिएको महाधिवेशन सोही मितिबाट प्रक्रिया शुरु गर्नुपर्छ। यसमा के गाह्रो छ भनी प्रश्न गर्नुभयो।

उहाँले पार्टीमा सय वर्षदेखि एउटै वर्गले नेतृत्व गरिरहेकाले यसलाई अब तोड्नुपर्ने बेला आएको बताउँदै यसमा परिवर्तनका लागि आफू प्रवल दाबेदार रहेको उल्लेख गर्नुभयो। उहाँले आफू गिरिजाप्रसाद कोइरालादेखि शेरबहादुर देउवासम्मको पालामा उपसभापति भएर काम गरेको हुँदा आफू पार्टी सभापतिका सबल र सक्षम उम्मेदवार रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पार्टीलाई सबल र सुदृढ बनाउनका लागि यो महाधिवेशनमा नेतृत्व परिवर्तन गरिछोड्ने अभियानमा म लागिपरेको छु।"

# अमेरिकाबाट एकलाख मात्रा खोप आउँदै

काठमाडौँ, ७ कात्तिक (रासस)।

संयुक्त राज्य अमेरिकाले नेपाललाई एक लाख ६२० मात्रा फाइजर खोप अनुदानस्वरुप उपलब्ध गराउने घोषणा गरेको छ।

"सम्भवतः उक्त खोप सोमबार नेपाल आइपुग्नेछ", यहाँस्थित अमेरिकी दूतावासले केहीबरेअघि ट्वीट गर्दै भनेको छ।

यसअघि गत असारमा पनि अमेरिकाले जन्सन एण्ड जन्सनको १५ लाख तीन हजार मात्रा खोप अनुदानमा नेपाललाई उपलब्ध गराएको थियो।

# आईफोन १३ को प्रि-बुकिंग

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ कात्तिक ।**

नेपालमा एप्पलको लागी एकमात्र आधिकारिक राष्ट्रिय वितरक जेनेरेसन नेक्स्ट कम्युनिकेशन प्राइभेट लिमिटेड वा जेनएक्सटीले हालै आईफोन १३ सिरिजको लागी आफ्नोप्रि-बुकिंगको घोषणा गरेको छ ।

आईफोन १३ ले अमेरिकामा २४ सेप्टेम्बर २०२१ बाट आफ्नो सिपिंगको सुरूवातगर्यो र यसको वितरणनेपालमा २९ अक्टोबर २०२१ बाट सुरु हुदैछ।यो वर्ष यसको लन्च अघिल्लो वर्षको तुलनामा छिटो रहेको जनाइएको छ । यसको पहिलो लट सीमित स्टकका साथ प्रि-बुकिंगको माध्यमबाट उपलब्ध हुने जानकारी दिइएको छ ।

ग्राहकहरुले आईएमई पे एप्लिकेसनको उपयोग गरी आफ्नो नयाँ आईफोनहरुकोप्रि-बुकिंग गर्न सक्नेछन्जहाँ उनीहरुले रु३०,००० भन्दा माथिको नगदको विभिन्न अफरहरु प्राप्त गर्नेछन् जसमा थुप्रै डिस्काउन्ट कुपनहरु उनीहरुले विभिन्न स्थानबाट पाउनेछन् जसमा रोडहाउस क्याफे (१०% छुट), द एभरेस्ट होटल (१५% छुट), बिइन्ग ह्युमन नेपाल (१०% छुट), भेन्चुरिनी सुज (१०% छुट), राइट च्वाइस नेपाल (२५ % अफ ), बाइकर्स मार्ट (१०% छूट), अर्बनफुड (१५% छुट), नील डेभिडको सैलुन (१०% छुट), केज फिटनेस (२०% छुट) र अप्सन दरबारमार्गमा ( ५०% सम्मको छुट) रहेका छन् । यस बाहेकयसमा एक वर्षको निःशुल्क ब्रेकरेज बिमा र सम्पूर्ण लाइनअपको लागी १ बर्ष को वारेन्टी पनिउपलब्ध रहेको छ ।




उत्पादनहरुको तोकिएको मूल्य तल दिइएको छ र यो ग्रे बजारको वर्तमान मूल्यहरुको तुलनामा धेरै प्रतिस्पर्धात्मक रहेको छर केहि मोडलहरुको लागी भारतीय आरआरपी मूल्य निर्धारणको तुलनामा अधिक उचित पनि रहेको छ।वर्तमान लाइनअप रहेको यसको बेस मोडल १२८ जीबीको साथ सम्पूर्ण १३ सिरिजको लागी शुरू गरीएको छ जुन आईफोन १२ लाइनअपको ६४ जीबी भन्दा धेरै राम्रो रहेको छ।नयाँ मोडेलमा मुख्य बिशेषता भनेको यसको क्यामेरा हो जसमा एक सिनेम्याटिक मोडको सुविधा पनि रहेको छ जसले यसलाई एक प्रोफेसनल भिडियो क्यामेराको रूपमा दाबी गरेको छ - जुन ४ के भिडियोहरुको लागी पनि निकै उपयुक्त रहेको छ ।

यसको अर्को ठूलो बिशेषता भनेको प्रो मोडेलमा रहेको १२० हर्ट्ज प्रो मोशन डिस्प्ले हो जुन सबै ग्राहकहरुको लागि निकै नै उपयुक्त रहेको हुन्छ । आईफोनमा रहेका नचहरु साना छन् र क्यामेरा मोड्युलहरु धेरै ठूलो छन् जसले गर्दा यसलाई अहिले सम्म कै सबै भन्दा राम्रो आईफोन एप्पल बनाएको छ ।

यसको वितरण अक्टोबर २९ बाट सुरु हुनेछ तर सीमित स्टकमात्र उपलब्ध भएको कारण जसले पहिले प्रि बुकिंग गर्नुभएको थियो वहाँले नै सबैभन्दा सुरुमा आफ्नो आइ-फोन प्राप्त गर्नुहुनेछ । तपाइँले थप गरिएको फ्रिबिजको बारेमा बुझ्न ड्रपडाउन सूचीबाट छनोट गर्नु भएको खुद्रा विक्रेतालाई सम्पर्क गर्न सक्नुहुनेछ साथैआफ्नो आईफोन प्राप्त गर्ने समयको बारे पनि जानकारी पाउन सक्नुहुनेछ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### नाइजेरियामा बन्दुकधारीले कारागारमा आक्रमण गरी ८०० भन्दाबढी कैदी भगाए

अुबजा, ७ कात्तिक (रासस⁄सिन्ह्वा) ।

नाइजेरियाको ओयो राज्यमा रहेको एक कारागारमा हमला गरी त्यहाँबाट ८०० भन्दाबढी कैदी भगाएका छन् । एक अज्ञात बन्ददुकधारीले नाइजेरियाको सो कारागारमा हमला गरेपछि त्यहाँबाट ती थुनुवा भागेका बताइएको छ ।

अधिकारीले दिएको जानकारीअनुसार शनिबार राति नाइजेरियाको दक्षिणपश्चिमी राज्य ओयोमा रहेको सो कारागारमा अज्ञात बन्दुकधारीले हमला गरेका थिए । हमला गरेपछि जेल तोडेर ती बन्दी भागेका यहाँको गृह मन्त्रालयका अधिकारीले जनाएका छन् ।

ओयो राज्यको कारागार विभागका प्रवक्ता अेलानेग्रु अन्जोरिनले सो कुराको पुष्टि गर्नुभएको छ । उहाँले शनिबार राति अज्ञात बन्दुकधारीले हमला गर्दा ८३७ जना थुनुवा त्यहाँबाट भागेका थिए ।

उनीहरुमध्ये कतिपय पुर्पक्षका लागि थुनामा थिए भने कतिपय वर्षौँसम्म जेल सजायँ तोकिएका व्यक्ति थिए । जेल तोडेर भागेका उनीहरुको खोजी प्रहरीले थालेको पनि प्रवक्ता अन्जोरिनले बताउनुभएको छ ।

भागेकामध्ये २४२ जनालाई प्रहरीले विभिन्न स्थानबाट पुनः पक्राउ गरेको छ । अरु भागेका र उनीहरुको पनि खोजी जारी रहेको यहाँको कारागार सुरक्षाका विभागका अधिकारीले जानकारी दिएका छन् ।

### सोमालियामा सेना र विद्रोहीबीचको भिडन्तमा २० को मृत्यु

मोगादिसु, ७ कात्तिक (रासस⁄सिन्ह्वा) ।

सोमालियाको राजधानी मोगादिसुभन्दा केही बाहिरको राज्य गुरेल नगरमा शनिबार भएको भिडन्तमा परी कम्तीमा पनि २० जनाको ज्यान गएको छ ।

ज्यान जानेमा १७ जना इस्लामिक विद्रोही र अरु तीन जना यहाँको राष्ट्रिय सेनाका सदस्य रहेका छन् । सोमालियाली सेनाका एक अधिकारीले सो भिडन्तका क्रममा अरु ४० जना विद्रोही घाइते भएका बताएका छन् ।

शनिबार बिहान सोमाली सेनाले सहयोग गरेको गालमुदग समूह र यहाँको इस्लामिक विद्रोही समूहबीचमा लामो समयसम्म भिडन्त भएको थियो । भिडन्तपछि कतिपय इस्लामिक विद्रोही समूहका उच्च तहका कमाण्डर पनि मारिएको बताइएको छ ।

सो नगरमा यसअघि विद्रोहीले कब्जा गरेको जनाएका थिए । सो कब्जाबाट छुटाउनका लागि यहाँको सेनाले पनि आफ्नो समर्थनको सशस्त्र समूहलाई अघि सारेको थियो ।

शनिबारको लामो भिडन्तपछि उक्त नगर विद्रोहीको कब्जाबाट फिर्ता लिइएको सोमाली सेनाले जनाएको छ । सो नगरमा पहिले पनि यस्तै प्रकारको भिडन्त हुँदा दर्जनौँ मानिसको ज्यान गएको थियो ।

### रुसमा सङ्क्रमण बढ्यो, एकैदिन एक हजारभन्दा बढीको मृत्यु

मस्को, ७ कात्तिक (रासस⁄सिन्ह्वा) ।

रुसमा पछिल्लो समयमा कोरोना भाइरसको सङ्क्रमण निकै बढ्दै गएको देखिएको छ । यहाँ एकै दिनमा अहिलेसम्मकै सबैभन्दा बढीको सङ्क्रमणबाट मृत्यु भएको छ ।

रुसका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टामा त्यहाँ एक हजार ७५ जनाको ज्यान गएको छ । यो सङ्ख्या यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएपछिकै सबैभन्दा बढी हो ।

यहाँ यो भाइरसको सङ्क्रमणबाट दुई लाख २९ हजार ५२८ जनाको ज्यान गएको छ । रुसका स्वास्थ्य अधिकारीले पछिल्ला केही हप्तामा यहाँ भाइरसबाट ज्यान जानेहरुको सङ्ख्या बढ्दो रहेको छ ।

शनिबार यहाँ ३७ हजार ६७८ जना यो सङ्क्रमणबाट सङ्क्रमित भएको जनाइएको छ । योसमेत गरी रुसमा ८२ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका छन् ।

# सामाजिक क्षेत्रमा सबलले पुऱ्याएको योगदान सराहनिय : प्रजिअ गौतम



**दैनिक समाचारदाता राजविराज, ७ कात्तिक ।**

सप्तरी र सिरहालाई कार्यक्षेत्र बनाई विभिन्न सामाजिक कार्य गरिरहेको सबल नेपालले १६ बर्ष पार गर्दै १७ बर्षमा प्रवेश गरेको अवसरमा आइतबार आफ्नो स्थापना दिवससँगै साधारण सभा मनाएको छ ।

सो अवसरमा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्धन गौतमले सप्तरीको सरसफाई क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरे । उनले सबल नेपालले आरोह अबरोह पार गर्दै सक्रिय भुमिकाको चर्चा गर्दै समाजिक बिकासमा पुऱ्याएको योगदान सराहनिय रहेको बताए । समाजिक संघ संस्थाहरूले संस्थाको बार्षिक प्रतिवेदन, लेखा परिक्षण, पारदर्शिता, जवादेहितालाई ख्याल गरी सही दिशातर्फ अगाडी बढनुपर्ने उनले सुझाव दिए ।

सबल नेपालका अध्यक्ष जुना गिरीले सबलले समुदायमा सुधार ल्याई बर्तमान तथा भबिष्यमा मानव जिवनको स्वास्थ स्थितिमा सुधार ल्याउनुको साथै देशको लागि आबश्यक सबल, सक्षम, तथा कर्मठ जनशक्ति उत्पादन गर्दै आएको बताइन् ।

उनले आब ०७७/०७८ को बार्षिक प्रगति प्रतिवेदन तथा आव ०७८/७९ को बार्षिक कार्यक्रम प्रस्तुत गर्दै संस्थाले सेभ द चिल्ड्रेनको सहयोगमा जिल्लाको खडक नगरपालिका र सुरूङ्गा नगरपालिकामा समुन्नती कार्यक्रम संचालन गर्दै आएको जानकारी दिइन् ।

संस्थाले विभिन्न खोज अनुसन्धान गरी आबश्यक पुर्वाधार तयार गर्ने, युवा, बालवालिका, महिला तथा लक्षित वर्गलाई विभिन्न परियोजनाहरू संचालन गर्दै आएको सबल नेपालका संस्थापक दिपक झाले बताए ।

यसैगरी संस्थाले वास एसडिसी परियोजना, खानेपानी तथा सरसफाई स्वच्छता परियोजना, समुदायमा आधारित बाढी पुर्व सुचना प्रणाली, बिपद् ब्यबस्थापन, सुचना शिक्षा र संचार सामग्रीहरूको बिकास तथा प्रचार, मानव संशाधन ब्यबस्थापन जस्ता गतिबिधि गर्दै आएको संस्थाका संस्थापक आयुष श्रेष्ठले जानकारी दिए ।

उक्त अवसरमा नेपाल पत्रकार महासंघ अध्यक्ष श्रवण कुमार देव, गैसस महासँघ केन्द्रीय उपाध्यक्ष ध्रुव देव, गैसस सप्तरी जिल्ला कावा अध्यक्ष बलदेव मण्डल, सेभद चिल्ड्रेनका कार्यक्रम संयोजक देवकृष्ण महतो, महुली समुदाय बिकास केन्द्रका अध्यक्ष श्यामकान्त चौधरी, एसएनभिका कृष्ण जिसि लगायतले शुभकामना दिएका थिए

सबल नेपालले स्थापनाकालदेखि नै सरसफाई क्षेत्रमा कार्य गरी "जकर घर मे चर्पि नै ओकर घर मे शादी नई" मुल नारा सँगै खुल्ला दिशा मुक्त अभियानमा योगदान गर्दै समाजिक बिकास क्षेत्रमा टेवा पुऱ्याउदै आएको छ ।

समुदायको स्तरोन्तीको लागि स्वच्छता एवं सरसफाई सँगै पोषण, शिक्षा, स्वास्थ, जिविकोपार्जन, किशोरकिशोरी प्रजनन् स्वास्थ लगायतका बिषयमा जनचेतनामा अभिबृद्वि गर्दै आएको छ ।

# वैशाखयताका विपद्जन्य घटनामा ३५३ को मृत्यु

काठमाडौँ, ७ कात्तिक (रासस) ।

यही वर्षको वैशाखयता विपदजन्य घटनामा परेर ३५३ जनाले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा ८० जना हराइरहेका छन् ।

सबैभन्दा बढी पहिरामा परेर १६१ को मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । त्यसपछि बाढीबाट ५२ र चटचाङ लागेर ४९ जनाको मृत्यु भएको छ । भारी वर्षाले १८, सर्पले टोकेर २०, आगलागीबाट १८, जनावरको आक्रमणबाट २८, डढेलो, हावाहुरी र महमारीबाट सात जनाले ज्यान गुमाएका छन् । बेपत्ता भएका ८० मध्ये पहिरामा ४२ र बाढीमा ३७ जना परेका छन् ।

प्राधिकरणका अनुसार उक्त अवधिमा दुई हजार ९० वटा विपद्का घटना भएका छन् । कूल एक हजार २८४ जना घाइते भएको विवरण छ । कूल तीन हजार ४४३ घर परिवार प्रभावित भएका छन् भने रु एक अर्ब बढीको क्षति भएको छ । पछिल्लो वर्षाका कारण मात्रै १११ जनाले ज्यान गुमाएका छन् भने ३५ बेपत्ता रहेका छन् । मनसुनको अवधिमा १३६ जनाले ज्यान गुमाएका थिए । यसपाली बेमौसमको वर्षाले झन ठूलो क्षति गराएको छ ।

मनसुनको समयमा समेत १५ प्रतिशत बढी पानी परेको थियो । अहिलेको वर्षाले भने लगाएको धानखेतीमा ठूलो क्षति गराएको छ । सबै क्षतिको विवरण सङ्कलनको क्रममै रहेको गृह मन्त्रालयले जनाएको छ ।

# छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु

मलङ्गवा, ७ कात्तिक (रासस) ।

सर्लाहीमा शनिबार बेग्लाबेग्लै दुर्घटनामा परेर तीन जनाको मृत्यु भएको छ । करेन्ट लागेर दुई जनाको र एक बालकलाई मोटरसाइकलले ठक्कर दिँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

ईश्वरपुर नगरपालिका-१५ सुकनाहामा टच्बेलमा पानी चलाउने क्रममा अचानक करेन्ट लाग्दा ब्रहम्पुरी गाउँपालिका-७ मोहनगङ्जका २८ वर्षीया पपितादेवी साहको मृत्यु भएको ब्रहम्पुरी कार्यपालिका सदस्य ललन साहले जानकारी दिनुभयो । यसैगरी करेन्ट लागेर नै ब्रहम्पुरी -२ का ४० वर्षीय सुरेन्द्र साहको मृत्यु भएको सो कार्यालयका प्रहरी निरीक्षक कृष्ण गिरीले जानकरी दिनुभयो । विद्युतीय पोलमा वाइफाईको तार जोड्न जाँदा साहलाई शनिबार साँझ करेन्ट लागेको थियो ।

यसैबीच बागमती नगरपालिका-५ मा मोटरसाइकलले शनिबार राति साइकललाई ठक्कर दिँदा बागमती -८ का १४ वर्षीय बालक प्रकाशबहादुर थिङको मृत्यु भएको प्रहरीले जनाएको छ ।


मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी

लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*